हैमप्रभा– अङ्क २४, २०८२, शिरीषको फूल उपन्यासमा निस्सारता, पृ १६०–१६७, ISSN: 2392-4764 (P)

# शिरीषको फूल उपन्यासमा निस्सारता

**लेखराज खतिवडा, विद्यावारिधि**
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं
Email : lekharajk@gmail.com

## सारसङ्क्षेप

प्रस्तुत अध्ययनकार्य अस्तित्ववादको एक आधारभूत मान्यताका रूपमा रहेको निस्सारताका आधारमा पारिजातले रचना गरेको शिरीषको उपन्यासको विश्लेषणमा केन्द्रित छ र त्यसका लागि मुख्य रूपमा वर्णनात्मक विधि अवलम्बन गरिएको छ। विनाकारण यस विरानो संसारमा जन्मेका सबै मान्छेको जीवन निस्सार एवम् निरर्थक छ र सबै मान्छे निरुद्देश्य बाँचिरहेका छन् भन्ने मान्यता अस्तित्ववादको रहेको छ। अस्तित्ववादको यस मान्यताको अभिव्यक्ति पारिजातको प्रस्तुत उपन्यासमा निकै कुशल ढङ्गमा गरिएको छ। प्रस्तुत उपन्यासका सुयोगवीर, सकमबरी र शिवराजले निस्सार एवम् निरर्थक जीवन बाँचिरहेको देखाइएको छ। मान्छेले जीवनमा कुनै निर्णय गर्नासाथ विसङ्गति जन्मिन्छ अनि आफूले सोचेजस्तो नहुँदाको विसङ्गत अवस्था झेलेर भए पनि जीवन बाँच्न मान्छे विवश हुन्छ भन्ने अस्तित्ववादी चिन्तन प्रस्तुत उपन्यासका सुयोगवीर, सकमबरी र शिवराजका माध्यमबाट अभिव्यक्त गरिएको छ। यिनै तीन पात्रका चरित्र एवम् कार्यका आधारमा प्रस्तुत उपन्यासमा अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको निस्सारताको खोजी यस अध्ययनकार्यमा गरिएको छ।

**शब्दकुञ्जी :** अर्थहीनता, निरर्थकता, निरुद्देश्य, निस्सारता, विसङ्गत ।

### विषयपरिचय

प्रस्तुत अध्ययनकार्य पारिजात (वि.सं. १९९४ – वि.सं. २०५०) ले रचना गरेको शिरीषको फूल उपन्यासमा भेटिने निस्सारताको विश्लेषणसँग सम्बन्धित छ। पारिजात नेपाली साहित्यक्षेत्रकी विश्रुत प्रतिभा हुन्। उनले कविता र आख्यान (कथा र उपन्यास), निबन्ध, आत्मसंस्मरण, नाटक आदिको रचना गरेकी छन् र उनी यी सबै विधाको रचनामा अब्बल ठहरिएकी छन्। वि.सं. २००३ देखि नै कविताभ्यास गरेकी भए पनि वि.सं. २०१३ मा धरती पत्रिकामा आज विदाको दिन हो, व्यर्थ प्रयास र को हो त्यो शीर्षकका तीनवटा कविता छपाएर नेपाली साहित्यिक क्षेत्रमा उदाएकी उनी कथा हुँदै उपन्यासको रचनातर्फ प्रवृत्त भएकी हुन्। वि.सं. २०२२ मा प्रकाशित शिरीषको फूल नै उनको पहिलो प्रकाशित उपन्यास हो। जम्माजम्मी दसवटा उपन्यासको रचना गरेकी पारिजातको शिरीषको फूल नेपाली साहित्यकै सर्वाधिक चर्चित एवम् लोकप्रिय औपन्यासिक कृति हो। वि.सं. २०२२ को मदन पुरस्कार प्राप्त गरेकाले पनि प्रस्तुत उपन्यास नेपाली उपन्यास परम्परा निकै प्रभावशाली रचनाका रूपमा देखा परेको छ। प्रस्तुत शिरीषको फूल उपन्यास प्रकाशित भएपछि उनले आधुनिक नेपाली उपन्यासपरम्परामा इन्द्रबहादुर राईले प्रवर्तन गरेको विसङ्गतिवादी धारालाई अगाडि बढाउनाका साथै अस्तित्ववादी धाराको प्रवर्तन गर्ने महत्त्वपूर्ण कार्यसमेत गरिन्। प्रस्तुत उपन्यासको अध्ययन विसङ्गतिवादी चिन्तनका साथै अस्तित्ववादी चिन्तनका आधारमा गर्न सकिन्छ। प्रस्तुत उपन्यासको रचना पारिजातले कुनै खास विचार एवम् चिन्तनको अभिव्यक्ति गर्ने उद्देश्यबाट नै गरेकी हुन्। जन्म र मृत्युका दोसाँधमा रहेको मानवजीवन निस्सार एवम् निरर्थक भए पनि जीवनलाई जसरी भए पनि बाँच्नुको विकल्प नभएको बताउँदै प्रस्तुत उपन्यासमा अस्तित्ववादी जीवन बचाइको अर्थ खुलस्त पारिएको छ। प्रस्तुत उपन्यासमा पारिजातले अस्तित्ववादी दर्शनका धरातलमा

टेकेर व्यक्ति–अस्तित्वको उच्च मूल्याङ्कन गर्दै अनेक विसङ्गति झेल्दै भए पनि मान्छेले बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी चिन्तन अभिव्यक्त गरेकी छन् । त्यसैले शिरीषको फूल आधुनिक नेपाली उपन्यासपरम्परामा अस्तित्ववादी धाराको प्रवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रभावशाली उपन्यासका रूपमा देखा पर्छ । यसरी अस्तित्ववादका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गर्नु पनि एउटा महत्त्वपूर्ण प्राज्ञिक कार्य हुने देखिन्छ ।

शिरीषको फूल उपन्यासमा मानवजीवन निस्सार एवम् निरर्थक भए पनि मान्छेले अनेक विसङ्गति झेल्दै आफ्नो अस्तित्वका लागि निरन्तर सङ्घर्ष गर्नुपर्दछ भन्ने चिन्तन व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा खास गरी यसका महत्त्वपूर्ण पात्रहरू सुयोगवीर, सकमबरी र शिवराजका चरित्र एवम् कार्यव्यापारका माध्यमबाट अस्तित्ववादी चिन्तन अभिव्यक्त गरिएको छ; तसर्थ अस्तित्ववादी दर्शनका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गर्न सकिने देखिन्छ । इन्द्रबहादुर राई (नेपाली उपन्यासका आधारहरू), राजेन्द्र सुवेदी (नेपाली उपन्यास : परम्परा र प्रवृत्ति), कृष्णचन्द्रसिंह प्रधान (नेपाली उपन्यास र उपन्यासकार), ज्ञानू पाण्डे (विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद) प्रभृत्तिका केही समालोचकहरूले अस्तित्ववादका कोणबाट पारिजातको शिरीषको फूल उपन्यासको अध्ययन गर्ने चेष्टा गरेका भए पनि तिनको अध्ययन पूर्ण रहेको देखिँदैन; तिनमा शिरीषको फुल एक प्रखर अस्तित्ववादी उपन्यास हो भन्ने कुराको सङ्केत मात्र गरिएको छ । ती पूर्वाध्ययनमा अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको निस्सारता एवम् निरर्थकताका आधारमा मात्र केन्द्रित भएर शिरीषको फूल उपन्यासको अध्ययन गरिएको छैन; तसर्थ प्रस्तुत अध्ययनकार्यमा पारिजातको उपर्युक्त उपन्यासको अध्ययन निस्सारता एवम् निरर्थकताका आधारमा मात्र केन्द्रित भएर गरिएको छ । प्रस्तुत अध्ययनकार्यमा सुयोगवीर, सकमबरी र शिवराजका चरित्र एवम् तिनका कार्यव्यापारमार्फत अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको निस्सारताका आधारमा मात्र शिरीषको फुल उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा भेटिने अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको निस्सारताको खोजी गरेर एउटा नितान्त नवीन चिन्तनको अभिव्यक्ति गरिएकाले यो एउटा गहन प्राज्ञिक शोधमूलक अध्ययनका रूपमा रहेको छ; तसर्थ यो एउटा महत्त्वपूर्ण प्राज्ञिक कार्य हुने देखिन्छ ।

## अध्ययन विधि

उपन्यासमा फेला पर्ने निस्सारताको अभिव्यक्तिका युक्तिहरूसहित शिरीषको फुल उपन्यासमा निस्सारताको खोजी गरिएको यस लेखलाई अनुसन्धानमूलक तुल्याउनाका लागि निश्चित सामग्रीको सङ्कलन तथा अध्ययनविधिको उपयोग गरिएको छ ।

प्रस्तुत अध्ययनकार्यका निम्ति सङ्कलन गरिएका आवश्यक सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । परिजातले रचना गरेको 'शिरीषको फुल' उपन्यास नै प्रस्तुत अध्ययनकार्यको प्राथमिक सामग्री हो । त्यसै गरी 'शिरीषको फुल' उपन्यासका बारेमा भएका पूर्वकार्यहरूका साथै अस्तित्ववादसम्बन्धी व्याख्या गरी लेखिएका लेख तथा ग्रन्थहरू यस अध्ययनकार्यका लागि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यी दुवै थरी सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

प्रस्तुत अध्ययनकार्यमा सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि मूलतः निगमनात्मक विधिको प्रयोग गरिएको छ । अस्तित्ववादका मूलभूत मान्यतामध्येका एक निस्सारता (मानव जीवन निस्सार एवम् सारहीन छ) भन्ने स्थापित मान्यताका आधारमा पारिजातको 'शिरीषको फुल' को व्याख्या एवम् विश्लेषण गरिएकाले यसमा मूलतः व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरिएको छ र त्यो पाठमै केन्द्रित रहेकाले पाठात्मक प्रकृतिको देखिन्छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनकार्यमा शिरीषको फुल उपन्यासको विश्लेषणको मुख्य सैद्धान्तिक आधारका रूपमा अस्तित्ववादका मूलभूत मान्यताहरूमध्येको एक निस्सारतालाई लिइएको छ । 'निस्सारता' 'सार' मूल शब्दका अगाडि 'नि' उपसर्ग लागेर बनेको

'निस्सार' शब्दका पछाडि 'ता' प्रत्यय गाँसिएर बनेको शब्द हो। यसले कुनै सार वा अर्थ नभएको अवस्थालाई बुझाउँछ अर्थात् निस्सारता शब्दले बेकार हुनाको अवस्थालाई बुझाउँछ। पाश्चात्य अस्तित्ववादी दर्शनको एक आधारभूत मान्यताका रूपमा रहेको 'निस्सारता' शब्दले मान्छेको जीवनको कुनै सार वा अर्थ छैन भन्ने अशय बुझाएको छ। सबै अस्तित्ववादी चिन्तकहरूका व्याख्या एवम् विवेचनामा यस मान्यताको निकै गहन चर्चा एवम् परिचर्चा गरिएको भेटिन्छ। सबै अस्तित्ववादी चिन्तकहरूले मानवजीवन निस्सार एवम् निरर्थक छ भन्ने धारणा प्रस्तुत गरेका छन्। यो सारा जीवनजगत् तथा यहाँका सम्पूर्ण कुराहरू निस्सार, निरर्थक, वाहियात र विसङ्गतिपूर्ण छन् भन्ने धारणा अस्तित्वावादीहरूको रहेको छ। खास गरी हिगेलवादको विरोध गर्दै किर्केगार्डले यो जीवनजगत्का जगमा कुनै पनि त्यस्तो निश्चित प्रयोजन छैन अनि यसमा धैरै विसङ्गत एवम् वाहियात तत्त्वहरू भएकाले यसलाई तर्कले बुझ्न असम्भव हुन्छ भनेका छन् र उनले अगि सारेको यही धारणा नै अस्तित्ववादको एक मूलभूत मान्यता बन्न गएको छ। सार्त्रले "मानिसको जीवन विसङ्गत एवम् अर्थहीन छ" (हार्डर, सन् १९५२, पृ. ५३४–५४७) भनेका छन्। मान्छे आफ्नो इच्छाविना नै यस प्रयोजनशून्य बिरानो संसारमा एक्लै फालिएको छ र प्रत्येक सचेत व्यक्तिका लागि जीवन केवल एउटा निरर्थकको बोझ मात्र हो तर पनि उसका निम्ति यसबाट मुक्त हुने कुनै उपाय छैन भनी अस्तित्ववादीहरूले मानेका छन्। यस वादले मान्छेको जीवन निस्सार एवम् निरर्थक छ भनी व्याख्या गरेको छ। "मान्छे सुरुमा केही पनि हुँदैन, ऊ जे हुन्छ वा बन्छ त्यो उसले आफैले बनाएको हुन्छ" (रिच्टर, सन् पृ. ४१५–४२२) भनेर सार्त्रले मानवजीवन निस्सार एवम् निरर्थक छ भनेर प्रस्टसँग सङ्केत गरेका छन्। अल्बेयर कामुले त अझ मानवजीवनको यो निरुपाय अवस्थालाई आफ्नो मिथ अफ सिसिफस शीर्षकको पुस्तकमा प्रस्टसँग अर्थ्याएका छन्। "सिसिफस जो सकिनसकी गह्रुगो ढुङ्गा उचाल्दै पहाडको टुप्पामा पुग्दछ र त्यहाँबाट त्यो ढुङ्गा तल पुगेको हेरिरहन विवश छ तर पनि फेरि त्यही ढुङ्गा बोकेर चढ्ने साहसमा ऊ हार्दैन।" (पाण्डे, २०६२, पृ. ९०)। संसारका सबै मानिस सिसिफसकै जीवन बिताउन बाध्य छन् भन्ने धारणा कामुको रहेको छ। त्यस्तै, अस्तित्ववादीहरू मान्छेको निर्णयस्वतन्त्रता नै सर्वोच्च छ भनी ठान्दछन्। सार्त्रले "मान्छे आफ्नो निर्णयस्वतन्त्रताबाट भाग्न सक्दैन" (टुलक, सन् १९५२, पृ. ३१–५२) भनेका छन्। मान्छेको निर्णयशक्ति नै सर्वोच्च छ भन्ने मत अस्तित्ववादले अघि सारेको छ। यही निर्णयस्वतन्त्रताका कारण मानिस समस्यामा पर्दछ अनि जीवनका निस्सारताको बोध गर्न पुग्दछ। "मान्छे स्वतन्त्र हुन दण्डित छ" (स्क्रिप्ट, सन् २००६, पृ.३४) भनेर सार्त्रले भनेकै पनि छन्। निर्णयस्वतन्त्रताकै कारण मानिस आफ्ना जीवनको निस्सारताबोध गर्न विवश हुन्छ भन्ने उनको मान्यता रहेको छ। अर्कातर्फ किर्केगार्डका अनुसार "व्यक्तिले जीवनमा निर्णय लिनासाथ विसङ्गति जन्मन्छ; किनभने कुनै वस्तु वा परिस्थितिको सम्पूर्ण बोध सम्भव नभए पनि एक अज्ञेय अन्धकारमा हाम फाल्नु हो कुनै निर्णय गर्नु र कुनै सङ्कल्प गर्नु। वास्तवमा यसै निर्णयशक्तिबाट मान्छे विपद्–वेदनामा पुग्छ।" (त्रिपाठी, २०४९, पृ. १२२) यसरी निर्णय गरेपछि विसङ्गति झेल्न बाध्य मानिसको जीवन निरर्थक छ तथापि त्यही निर्णयबाट उसको अस्तित्व पनि प्रमाणित हुन्छ भन्ने मान्यता अस्तित्ववादले अघि सारेको छ।

अस्तित्ववादी दर्शनको एक महत्त्वपूर्ण मान्यताका रूपमा रहेको निस्सारताका आधारमा पारिजातद्वारा रचित शिरीषको फुल उपन्यासको गहन विश्लेषण गर्न सकिने देखिन्छ। प्रस्तुत उपन्यासमा यसका उल्लेखनीय पात्रहरू सुयोगवीर, सकमबरी र शिवराजका चरित्र एवम् कार्यव्यापारमार्फत् निस्सारताको अभिव्यक्ति भएको पाइन्छ। प्रस्तुत उपन्यासका यिनै तीन पात्रका चरित्र एवम् कार्यव्यापारमार्फत अभिव्यक्त निस्सारताको विश्लेषणका लागि निम्नलिखित विश्लेषणको ढाँचा अँगालिएको छ

(क) सुयोगवीरका जीवनको निस्सारता

(ख) सकमबरीका जीवनको निस्सारता

(ग) शिवराजका जीवनको निस्सारता

## सुयोगवीरका जीवनको निस्सारता

प्रस्तुत उपन्यासको नायक सुयोगवीर निस्सारताको बोध गर्दै जीवन बाँच्न बाध्य भएको देखाइएको छ । ऊ निस्सार, निरर्थक एवम् विसङ्गत जीवन भोग्न बाध्य भएको देखाइएको छ । उसका जीवनभोगाइ र कुरा गराइका माध्यमबाट एकातिर जीवनको निस्सारता देखाइएको छ भने अर्कातिर जीवन निस्सार भए पनि त्यसलाई बाँच्न बाध्य हुनुको मानवीय पीडा व्यक्त गरी अस्तित्ववादी चिन्तनलाई वाणी दिइएको छ । "दोस्रो विश्वयुद्धमा वर्मामा जापानीहरूसँग लड्न पुगेको भूतपूर्व सैनिक सुयोगवीर सिंह प्रस्तुत उपन्यासको मञ्चमा अस्तित्ववादी विसङ्गतिको संवाहक बनेर देखा परेको छ ।" (पाण्डे, २०६२, पृ. १०८) । दोस्रो विश्वयुद्ध लडेको भए पनि एकजनालाई पनि मार्न नसकेको ऊ जीवन निस्सार एवम् विसङ्गत भए पनि त्यसलाई जसरी पनि बाँच्नुपर्दछ भनी उसले निकै राम्ररी बुझेको छ । सिपाही भए पनि तदनुकूलको साहस देखाउन नसकेकामा ऊ आफ्नो जीवनको कुनै अर्थ देख्दैन । "सुयोगवीरलाई युद्धको बन्दुक र गोली, बारुद र बम प्रहार गर्ने जिम्मा पाएर पनि एउटै मात्र मान्छे मार्न सफल नभएकामा र त्यसबाट जन्मेको पछुतोमा निस्सारताबोध भएको छ ।" (सुवेदी, २०६४, पृ. ३३४) । सिपाहीका रूपमा आफ्नो साहस प्रदर्शन गर्न नपाउँदा उसले आफ्नो जीवनलाई निरर्थक ठानेको छ । उपन्यासका एक ठाउँमा उसले भनेको छ –"म निरुद्देश्य भौँतारिँदै तन्केर गएको सडकमाथि हिँडेर छुटकारा खोजिरहेको थिएँ । लाग्यो यो सडक कहिल्यै नसिद्धियोस्, यो स्थिति कहिल्यै नबदलियोस्, यसैमा गाभियून् वास्तविकता र जीवन ।" (पारिजात, २०५५, पृ ५२) । उसको यस भनाइबाट पनि ऊ निरुद्देश्य बाँचिरहेका कुराको प्रस्ट सङ्केत पाइन्छ । उसले अर्को एक ठाउँमा यसो पनि भनेको छ –"यो जीवन यस्तो ठाउँ हो जहाँ सन्तुष्टिको एउटा परिधि खिचेर हामीले बाँच्नुपर्छ । सडकमा पछारिएर अलपत्र परेका अनुभूतिका प्रत्येक टुक्रालाई स्याहार्दै जानुपर्छ, स्वीकार्दै जानुपर्छ । यस्तै हो, यो जीवन, हामीलाई गुनासो गर्नु छैन ।"(पारिजात, २०५५, पृ ५३) । उसको यस भनाइमा अस्तित्ववादी मान्यताको अभिव्यक्ति पाइन्छ । जीवन निस्सार एवम् निस्प्रयोजनीय भएका कुराको बोध गरेर पनि जीवन बाँच्ने साहस गरिरहनाले सुयोगवीर अस्तित्वशील चरित्रका रूपमा देखा परेको छ ।

सुयोगवीर उमेरले पैँतालिस वर्ष पुरा गरेको भए पनि आफूभन्दा लगभग आधा कम उमेरकी सकमबरीलाई प्रेम गर्दछ र उसैसित विवाह पनि गर्न चाहन्छ तर बरीले कहिल्यै पनि आफूलाई महत्त्व नदिएपछि सुयोगवीर निस्सार जीवन बाँच्न विवश भएको छ । बरीले सुयोगवीरलाई प्रेम गर्नु त कता हो कता उसलाई कुनै भाउ नै दिएकी छैन । एक दिन शिवराजले आफ्ना घरमा खाना खानका लागि गरेको आग्रह टार्दै सुयोगवीरले डेरामै गएर खाने भनेर बताउँदा बरीले यसो भनेकी छे –"डेरामा कसले पकाइदिन्छ तपाईँलाई ? भान्से राख्नुभएको होला, मीठो लाग्छ के ? बिहा गर्नुस्, अब बूढो भइसक्नुभयो ।" (पारिजात, २०५५, पृ.१३) । बरीलाई प्रेम गरेर उसैसँगको मदिर प्रेममा लट्ठिँदै बिहेसमेत गर्ने रङ्गिन सपना देखेको भए पनि बरीले बुढो भन्दै अर्कैसँग विवाह गर्न आग्रह गरेपछि भित्रभित्रै पीडाबोध गर्न पुगेको सुयोगवीर आफ्नो जीवन निस्सार भएका कुराको बोध गर्न पुग्दछ । केटी भइकन पनि कहिल्यै कपाल नपाल्ने र सधैँ मुडुलो हुने बरी एक महिनाजति मधेस बसेर कपाल पालेर फर्किंदा उसले कपाल पालेको देखेर सुयोगवीरले भनेको छ –"बरी ! तिमीलाई केश पालेको कति सुहाएको छ, अब त पाल्ने गर है !" (पारिजात, २०५५, पृ.३२) । बरीलाई त्यसो भनेको तीन दिनपछि उसका घरमा जाँदा बरीले केश छाँटेको देखेपछि सुयोगवीर आफूले सोचेभन्दा सधैँ उल्टो गर्ने बरीको व्यवहारका कारण निकै आक्रान्त बनेको देखिन्छ आफूप्रति बरीको व्यवहार देखेर आहत बनेको सुयोगवीरले भनेको छ –"मेरो उल्टो दिशातिर हिँडिरहेकी हुन्छे ऊ जहिले पनि ।" (पारिजात, २०५५, पृ. ३२) । कुनै युवतीसँग प्रेममा नपरेको सुयोगवीरले बरीलाई प्रेम गरेको भए पनि उसले कत्ति पनि वास्ता नगर्दा मानसिक रूपमा आघात बेहोर्दै उसले यसो भनेको छ –"प्रेम नहुँदा पनि मेरो निमित्त निस्सार नै थियो र अब भएपछि पनि निस्सार । के मूल्य मेरो ? के मूल्य मेरो प्रेमको ?" (पारिजात, २०५५, पृ.३१) । उसको यस किसिमको भनाइबाट बरीजस्ती केटीलाई प्रेम गरेकै कारण उसले निस्सारता एवम् निरर्थकताको बोध गर्नुपरेका कुराको झल्को पाइन्छ । उसलाई बोध पनि भएकै छ –"प्रेमको अस्तित्व रहेको छ निस्सारतामा र म पनि एउटा निस्सार

प्रेमलाई छातीमा च्यापेर हिँडिरहेको छु ।" (पारिजात, २०५५, पृ.३२) । प्रेमले मूलतः मानवजीवनलाई अर्थपूर्ण तुल्याउने भए पनि सुयोगवीरको जीवन भने सकमबरीसँगको प्रेमका कारण निस्सार एवम् निरर्थक बन्न पुगेको देखाइएको छ । मदान्धका अवस्थामा उर्लेको उलेलीको तीव्र वेग शान्त पार्न तीनतीनओटी महिला (छिन ठिटी, कचीन गोठाल्नी र माटिनची) का शरीरसँग धित मरुन्जेल खेलेको भए पनि तिनको निर्मम हत्या गरेको सुयोगवीर आफ्नो जँड्याहा साथी शिवराजकी माहिली बहिनी सकमबरीलाई भने बलात्कार गर्न नसक्ने कुरा बताउँछ । ऊ भन्छ –"म त एउटा निकृष्ट मानिस हुँ, मैले जसजसलाई बलात्कार गरेँ, उनीहरूलाई प्रेम गर्न सकिनँ र जसलाई प्रेम गर्छु, उसलाई बलात्कार गर्न सक्तिनँ । असम्भव छ, म कल्पना मात्र पनि गर्न सक्तिनँ ।" (पारिजात, २०५५, पृ.४९) । उसको यस भनाइमा उसका जीवनको निस्सारता नै अभिव्यञ्जित भएको छ ।

सुयोगवीरले बरीसँगको प्रेम कहिल्यै पनि प्रकट गर्न सकेको छैन र त्यही पीडाले ऊ दिनदिनै सारहीन हुँदै गएको अनुभव गर्दै बाँच्न विवश भएको छ । मदशालामा अरक सेवन गर्ने सिलसिलामा चिनापर्ची भएको शिवराजसँग राम्रैसँग हेलमेल भएपछि उसका घरमा आउजाउ बढेपछि उसकै माहिली बहिनी सकमबरीलाई प्रेम गर्न पुगेको सुयोगवीरले शिवराजसँग बरीको हात माग्ने सोचाइ नबनाएको पनि होइन तर शिवसँग त्यसो भन्नु आत्महत्या गर्नु बराबर हो भन्ने पनि उसलाई लागेको छ । उसले ठानेको छ –"एउटा बूढो रक्स्याहाको हात छोड्नु शिवको निम्ति पनि आत्महत्या गर्नु थियो । कुनै पनि अवस्थामा बरीलाई उसले मेरो अघि बलि दिँदैन ।" (पारिजात, २०५५, पृ. ३४) । आफू पनि प्रस्टसँग बरीका अघि मुख खोल्न नसक्ने अनि शिवसँग पनि केही भन्न नसक्ने अवस्थामा रहेको सुयोगवीरलाई आफू एउटा व्यथा (बरीलाई पाउने चाह) बोकेर बाँचिरहेको अनुभव भएको छ । उसले आफ्नो अवस्थाबारे यसो भनेको छ –"मेरो बाँच्नुको कुनै मूल्य छ कि छैन ? कसरी मूल्यहीन गुज्रेर गएका छन् ममाथिबाट युगका पाङ्ग्राहरू र कति निकृष्ट हुर्केको छु म ।" (पारिजात, २०५५, पृ.३४) । बरीको प्रेमको तातो भुङ्ग्रामा पिल्सिएर रातदिन छटपटिएर बाँच्न विवश बनेको सुयोगवीरले एक दिन अचानक प्रमादमा आई बरीको कमलो ओठमा म्याइँ खाएर उसलाई प्राप्त गर्ने कोसिस गरेको भए पनि परिणामतः त्यो उसका लागि व्याघात बन्न पुगेको छ । त्यसै दिनदेखि बरी बिरामी परेकी हो भन्ने कुरा सुयोगवीरले सुन्नुपरेको भए पनि अन्ततः बरीको मृत्यु भएको खबर सुनेपछि सुयोगवीर निकै दुःखी बनेको छ । अझ के कारणले बरीको मृत्यु भएको हो भन्ने कुरा थाहा नपाउनाले पनि सुयोगवीर मानसिक व्याघातले थिलथिलिएको छ । उसले आफूलाई बरीको हत्यारा ठान्दै यसो भनेको छ –"मैले सकमबरीलाई मारेँ । मैले सकमबरीलाई दिउँसै बलात्कार गरेँ ।" (पारिजात, २०५५, पृ.६४) । बरीको मृत्युका लागि आफू जिम्मेवार भएको ठान्ने सुयोगवीर आफ्नो जीवनलाई निस्सार ठान्दै भन्छ –"निस्सार जन्मेकी तिमी, तिमीले मलाई पनि निस्सार छोडिराख्यौ ।" (पारिजात, २०५५, पृ. ६४–६५) । आफूले माया गरेकी युवती÷प्रेमिका आफ्नै कारणले मृत्युवरण गर्न पुगेकीले सुयोगवीरले आफ्नो जीवनलाई मूल्यहीन एवम् अर्थहीन ठानेको छ । बरीका मृत्युको समाचार सुनेर त्यहाँबाट फर्कँदा उसले यस्तो अनुभव गरेको छ –"सधैँको रित्तो हात, रित्तो मन फर्कन अभ्यस्त मान्छे म रित्तै फर्केँ ।" (पारिजात, २०५५, पृ.६५) बरीसँगको प्रेमको अन्त्य त्यसरी अचानक भएको अनुभव गर्दै बाँच्न विवश बनेको सुयोगवीर सधैँ आफ्नो जीवनलाई निस्सार एवम् निरर्थक ठान्दै बाँच्न विवश बनेको प्रस्तुत उपन्यासमा देखाइएको छ ।

यसरी प्रस्तुत उपन्यासको नायक सुयोगवीर जीवनलाई सधैँ निस्सार एवम् निरर्थक अनुभव गर्दै जीवन बाँच्न विवश भएको देखाइएकाले ऊ जसोतसो जीवन जिउने अस्तित्वशील पात्रका रूपमा देखिएको छ ।

### सकमबरीका जीवनको निस्सारता

प्रस्तुत उपन्यासकी नायिका एवम् उपन्यासमा महत्त्वपूर्ण नारी पात्रका रूपमा देखा परेकी सकमबरी निस्सार एवम् निरर्थक जीवन बिताउँदै मृत्युवरण गर्न विवश बनेकी छे । यसमा ऊ प्रत्यक्ष रूपमा उपस्थित नभई सुयोगवीरका कथनमार्फत् आएकी छे । चौबिस वर्ष उमेरकी ऊ बैँसले कत्ति पनि नछोइएकी युवती हो; ऊ अरतिमा बाँच्ने युवतीका रूपमा देखिएकी छे । बैँसालु युवतीहरूमा झैँ कपाल पाल्ने, हरहमेसा कपाल स्याहार्ने, साथीभाइसँग हाँसखेल गर्ने तथा बाहिर घुम्न जाने आदिजस्ता कुनै पनि

गतिविधि नगर्ने ऊ सदा घरमै बस्न रमाउने खालकी छे । उसलाई आफ्नो जीवन सधैँ निरर्थक नै लागेको छ । त्यसैले ऊ चुरोटको धुँवासँगै बैँस उडाइरहेकी छे अनि बैँसालु यौवनको उपभोगमा अनैच्छिक देखिएकी छे । चुरोट सेवनका कारण हातका औँलामा निकोटिनको दागसमेत बसेको देखिनाले ऊ निरुद्देश्य जीवन बाँचिरहेकी छे भन्ने कुरा प्रस्ट हुन्छ । उसमा जीवन बचाइप्रति न कुनै उत्साह छ न मृत्युदेखि डर नै छ । उसको जीवनभोगाइप्रति समालोचक कृष्णचन्द्रसिंह प्रधानले यस्तो टिप्पणी गरेका छन् –"बाँचुञ्जेल बरी मरेकी छैनसम्म भन्नलाई बाँचेकीजस्ती – उसको जन्मप्रति नै विराग–वितृष्णा छ; र आफ्नो 'जिउनुको विश्वास लत्याएर' मरेकी भन्नलाई जन्मेकीजस्ती – उसको जीवनप्रति नै अनास्था छ ।" (२०५०, पृ. ३४६) । अर्थहीन जीवन बचाइकै कारण उसलाई जीवनप्रतिको मोह हराएकैले होला उसले चुरोटका धुँवासँगै जीवनलाई छोट्याइरहेकी छे भन्न सकिन्छ । एक दिन चुरोट खाएको देखेर सुयोगवीरले क्यान्सर लाग्न सक्ने चेतावनी दिंदा बरी सजिलै भनिदिन्छे –"स्वागत छ" (पारिजात, २०५५, पृ.२३) । सुनगाभाले भँवरालाई मारेको देख्दा आनन्द लाग्ने गरेको बताउने सकमबरीले फूलको अस्तित्वका पक्षमा वकालत गर्दै त्यसको अस्तित्व मेटाउने अधिकार भँवरामा नभएको वकालत गरेकी छे । उसले भनेकी छे –"आफ्नो निम्ति फुल्नु, आफ्नै निम्ति फक्रिनु, झर्नु जस्तो एउटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भँवरासँग लाप्पा खेल्नैपर्छ, झर्न त पर्छ–पर्छ भने भँवराको चोट सहेर किन झर्ने ! आफू मात्र झर्ने, आफ्नू इच्छाले झर्ने ।" (पारिजात, २०५५, पृ. १२) । उसको यस भनाइमा जीवन निस्सार छ अनि आफ्नो अस्तित्वका लागि आफै सङ्घर्ष गर्नुपर्दछ भन्ने अस्तित्ववादी चिन्तनलाई वाणी दिइएको छ । एक पटक दाइ शिवले धेरै वर्ष बाँच भनेर आशीष् दिंदा बरीले भनेकी छे –"के काम बाँच्ने ? बूढाबूढी भइन्ज्याल किन बाँच्ने ? शिव ! तपाईँ आशिष् दिन जान्नुहुन्न, समयमा मर भन्नुपर्छ । के छोप्न बाँच्ने ?" (पारिजात, २०५५, पृ.१९) । आफ्नो जन्म र मृत्युमा पनि कुनै अर्थ नदेखेकै कारण उसलाई जीवनप्रति कुनै उत्साह रहेको छैन र उसले आफ्नो जीवनलाई एउटा निरर्थकको बोझमात्र ठानेकी छे भन्ने बुझिन्छ । मृत्यु र अन्त शब्द निस्कनासाथ बरीको अनुहार उज्यालिन्छ भन्ने सुयोगवीरको टिप्पणीले पनि बरी निरुद्देश्य बाँचिरहेकी छे भन्ने कुराको प्रस्ट सङ्केत पाइन्छ । सुयोगवीरले चुरोट नखाऊ भनेर भनेँ भने के गर्छौ भनी सोध्दा बरीले भनेकी छे –"मोजसँग दशओटा खाइदिन्छ ।"(पारिजात, २०५५, पृ. २५) । सधैँ मृत्युलाई स्वागत गरेर बाँचिरहेकी बरीको यस भनाइबाट उसको निरर्थक जीवनको झल्को राम्ररी पाइन्छ । जीवनलाई हाँसखेल गर्दै बाँच्न त उसले कहिल्यै जानेकी छैन । त्यही कुरा बुझेर नै होला सुयोगवीरले बरीका बारेमा यसो भनेको छ –"ऊ आफू नहाँस्ने मान्छे" (पारिजात, २०५५, पृ.४७) । घरको आर्थिक अवस्था कमजोर नभए पनि अनि आमा तथा दाजुको डर नभए पनि जीवनमा कहिल्यै नहाँस्ने बरी आफ्नो जीवनलाई सधैँ सारहीन ठानेर बाँचिरहेकी छे ।

सकमबरी अलभ्य बैँसमा पनि निरुद्देश्य बाँचेकी छे । एक दिन अचानक सुयोगवीरले ओठमा चुम्बन गरेपछि बिरामी परेकी बरीको त्यस किसिमको बिरामीलाई उपन्यासमा एउटा रहस्यका रूपमा प्रस्तुत गरिएको छ । बैँसालु उमेरमा कुनै पुरुषले ओठमा चुम्बन गर्दा बरीको  हृदयलाई त्यसले नजानिंदो गरी चिमोट्नुपर्ने हो तर त्यस घटनाको उल्टो प्रतिक्रिया उसमा देखिँदा ऊ अरतिका अवस्थामा रहेकी युवतीका रूपमा चित्रित हुन पुगेकी छे जसले उसका जीवनको निरर्थकतालाई नै झल्काएको छ । यद्यपि सारहीन जीवन बचाइको अनुभव गर्दै बाँचेकी भए पनि ऊ तितीक्षु स्वभावकी नारी भने कदापि होइन । कुनै कारण नै नभएको बिरामीले गाँजेकी बरीका बारेमा शिवराजले व्यक्त गरेको भनाइबाट सुयोगवीरले यस्तो लख काटेको छ –"ऊ (बरी) बाँच्न खोज्दिरहिछ तर जीवनलाई हेला गरेर, जिउनुको विश्वासलाई लत्याएर ।" (पारिजात, २०५५, पृ. ६२) सुयोगवीरको यस भनाइबाट जीवनलाई सधैँ विसङ्गत ठाने पनि त्यसै विसङ्गत अवस्थालाई झेल्दै बाँच्ने आदत बनाइसकेकी बरीका चरित्रमा अस्तित्ववादी बचाइको मूल्य झल्किएको छ । यद्यपि कारणविनाकै रोगबाट आक्रान्त बनेकी बरीको जीवन एक दिन मृत्युमा साटिन पुगेका घटनाको सङ्केत प्रस्तुत उपन्यासमा गरिएको छ । बरीको मृत्युबारे समालोचक इन्द्रबहादुर राईले यस्तो टिप्पणी गरेका छन् –"बरीको मृत्यु आस्तित्विक स्वातंœयले वरण गरिएको रूपमा 'एउटा सफा मन जस्तै आफैमा सन्तुष्टि' थियो ।" (२०५०, पृ. २१५) । यसरी प्रस्तुत उपन्यासकी नायिका बरी जीवन अर्थहीन छ भन्ने कुराको बोध गर्दागर्दै जसोतसो बाँचिरहेकी भए पनि एक दिन मृत्युवरण गरेर उसले जीवनको निरर्थकता नै प्रमाणित गरिदिएकी छे । उसका चरित्रबाट मानिसको जीवन निरुद्देश्य छ तापनि

मृत्युवरण गर्नुअघिको जीवन बाँच्न छोड्नुहुँदैन भन्ने अस्तित्ववादी चिन्तन प्रस्तुत उपन्यासमा अभिव्यक्त भएको छ ।

## शिवराजका जीवनको निस्सारता

प्रस्तुत उपन्यासको एक उल्लेख्य पात्र शिवराज पनि निरर्थक जीवन बिताइरहेको देखिन्छ । तीनवटी बहिनीको अभिभावक तथा दाजुका रूपमा देखिएको ऊ बहिनीहरूप्रति दाजुले गर्नुपर्ने कर्तव्य पुरा नगरीकनै निस्सार जीवन बाँचिरहेको छ । "तीनतीनवटी बहिनीको अविवाहित दाजु शिवराज बहिनीहरूको उमेरको ग्राफ चढेको टुलुटुलु हेरिरहन्छ" (सुवेदी, २०६४, पृ. ३३७) । आफ्नो अकर्मण्यताका कारण उसले रक्सीको चुस्कीसँगै जीवन बाँच्ने आदत बसाएको छ । बारमा गएर रक्सी पिउने कामबाहेक उसका जीवनको कुनै उद्देश्य रहेको देखिँदैन । सुयोगवीरले भनेको छ– "शिवराज सारहीन बितिरहेको थियो ।" (पारिजात, २०५५, पृ. २१) । आमाले बुहारी भित्र्याउने इच्छा प्रकट गर्दै विवाह गर्न आग्रह गर्दा पनि शिवराज अनेक बहाना गर्दै पन्छिँदै आइरहेको देखिन्छ । त्यस सन्दर्भमा सुयोगवीरले भनेको छ– "शिवराजलाई स्वास्नी पाल्न नसक्ने भन्ने डर पनि थिएन, जहाँसम्म उसले कसैलाई रोजेको पनि थिएन, रोजेको भए पनि ल्याउन सक्थ्यो । मभन्दा धेरै सुन्दर शिवराजलाई केटी नपाउने कुरै थिएन ।" (पारिजात, २०५५, पृ.२१) । सुयोगवीरको यस भनाइबाट शिवराज आफ्ना विषयमा निर्णय गर्न स्वतन्त्र रहे पनि उसको जीवनबचाइलाई हेर्दा त्यो केवल निरुद्देश्य मात्र देखिन्छ । आमाले विवाह गर्नाका लागि गरेको आग्रह टार्दै आएको शिवराज आफ्नो पर्समा बहिनी सकमबरीको फोटो बोकेर हिँड्छ अनि बरी मरी भने आफू बाँच्न नसक्ने र आत्महत्या गर्ने कुरा गर्छ । ऊ बरीकै इसारामा आफ्नो जीवनलाई डोराइरहेको देखिन्छ; ऊ आमाको होइन, बरीका इसारामा बाँचिरहेको देखिन्छ । त्यसैले ऊ बिरामी बरीलाई जसरी भए पनि बचाउन चाहन्छ । उसले कुरैकुरामा सुयोगवीरसँग यसो भनेको छ– "सुयोगजी ! बरी अब मान्छे होलीजस्तो लागेन, मधेस लिएर जान्छु शायद हावापानीको केही असर पर्न सक्छ ।" (पारिजात, २०५५, पृ. ६२) । विवाह गर्न नमानेर बहिनी बरीका इसारामा बाँच्ने, बरीविना बाँच्न नसक्ने र बरी मरी भने आत्महत्या गर्ने कुरा बताउने शिवराज वास्तवमै निरर्थक जीवन बिताइरहेको देखिन्छ । यसरी शिवराज सारहीन जीवन बाँच्ने अस्तित्वशील पात्रका रूपमा देखा परेको छ ।

## निष्कर्ष

पारिजातले रचना गरेको शिरीषको फुल उपन्यासमा अस्तित्ववादका मूलभूत मान्यताहरूमध्येको एक निस्सारताको अभिव्यक्ति निकै प्रभावकारी ढङ्गमा भएको पाइन्छ । आफ्नो इच्छाविना नै यस विरानो संसारमा जन्मेको मान्छे आफूले नचाहँदा नचाहँदै पनि मृत्युलाई वरण गर्न पुग्दछ अनि आफ्नो मृत्यु भएपछि यस संसारका कुनै व्यवस्थामा पनि केही फरक नपर्ने कुरा बुझेको मान्छे सधैँ आफ्नो जीवनलाई निस्सार एवम् निरर्थक ठान्दै बाँचिरहेको हुन्छ भन्ने मान्यता अस्तित्ववादले अगि सारेको छ । यही निस्सारताको बोध गर्दै जीवनलाई बाँच्ने आदत मानिसलाई भइरहेको हुन्छ भन्ने मत पनि यस वादको रहेको छ । पारिजातको प्रस्तुत उपन्यासमा निस्सारताबोध गर्दै मान्छेले आफ्नो अस्तित्व कायम गर्दै जीवन भोगिरहेको हुन्छ भन्ने अस्तित्ववादी चिन्तनको अभिव्यक्ति गरिएको छ । त्यस किसिमको अस्तित्ववादी चिन्तनको अभिव्यक्ति प्रस्तुत उपन्यासका सुयोगवीर, सकमबरी र शिवराजका चरित्र एवम् कार्यव्यापारमार्फत निकै सशक्त ढङ्गमा गरिएको छ । निस्सारताको बोध गर्दै व्यक्तिले आफ्नो बाँच्नुपर्दछ भन्ने अस्तित्ववादी चिन्तन यसमा सुयोगवीर, बरी र शिवराजका चरित्र एवम् कार्यव्यापारबाट सम्प्रेषित गरिएकाले यो पारिजातको प्रभावशाली अस्तित्ववादी उपन्यास हो भन्ने तथ्यसमेत निष्कर्षित हुन पुगेको छ । उपन्यासमा अभिव्यक्त नयाँ चिन्तन (अस्तित्ववादी चिन्तन) को उद्घाटन गरिएकाले प्रस्तुत अध्ययनकार्य प्राज्ञिक जगत्मा महत्त्वपूर्ण उपलब्धि ठहरिने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

टुलक, डोरेन एम. सन् १९५२. "सात्रियन एक्जिस्टेन्सियालिज्म". द फिलोसोफिकल क्वाटर्ली (भोलुम २, नं. ६, जनवरी); पृ. ३१–५२ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). नेपाली उपन्यास र उपन्यासकार. तेस्रो .सं. ललितपुर : साझा प्रकाशन।

पाण्डे, ज्ञानु (२०६२). विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद. काठमाडौँ : नेपाली आख्यान समाज।

पारिजात (२०५०). शिरीषको फूल. पाँचौँ संस्क.. ललितपुर : साझा प्रकाशन।

राई, इन्द्रबहादुर (२०५०). नेपाली उपन्यासका आधारहरू. दोस्रो सं. ललितपुर : साझा प्रकाशन।

रिच्टर, एन्डर्स (सन् १९७०). “द एक्जिस्टियालिस्ट्स एक्स्युटिभ”. पब्लिक एडमिनिस्ट्रेसन रिभ्यु (भोलुम ३०, नं. ४, जुलाई–अगस्त); पृ.४१५–४२२।

सुवेदी, राजेन्द्र (२०६४). नेपाली उपन्यास : परम्परा र प्रवृत्ति. दोस्रो सं. ललितपुर : साझा प्रकाशन।

स्क्रिप्ट, एलन डी. (सन् २००६). ट्वाइन्टिथ सेन्चुरी फ्रेन्च फिलोसोफी कि थिम्स एन्ड थिङ्कर्स. युएसए, युके एन्ड अस्ट्रेलिया : ब्ल्याकवेल पब्लिसिङ।

हार्डर, ज्याक्स (सन् १९५२), “सात्रेज एक्जिस्टियालिज्म एन्ड ह्युम्यानिज्म”. स्टडिज इन फिलोलोजी (भोलुम ४९, नं. ३, जुलाई); पृ.५३४–५४७।